# तुलसीपुर उपमहानगरपालिका

# बजार व्यवस्थापन कार्यविधि, २०७४

प्रस्तावनाः तलसीपुर उपमहानगरपालिका अन्तर्गत बजार क्षेत्र भित्र स्वच्छ र सफा राख्न, अव्यवस्थीत व्यवसाय संचालन र स्थापना गर्न रोक लगाउन, भौतिक निर्माण कार्यलाई व्यवस्थित गर्न, व्यवस्थित पार्किङ्ग तथा व्यस्थित फुटपाथको व्यवस्था गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ (१) बमोजिम तुलसीपुर उपमहानगरपालिका, कार्यपालिकाको मिति २०७४/०७/२० गतेको बैठकको निर्णय अनुसार यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**बजार व्यवस्थापन कार्यविधि**, **२०७४**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उपमहानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

(ङ) "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिका सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ)"बिषयगत शाखा" भन्नाले तुलसीपुर नगर कार्यपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

(ज) "वडा अध्यक्ष" भन्नाले वडाको अध्यक्षलाई सम्झनुपर्छ ।

(झ) "वडा समिति" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको वडा समिति सम्झनु पर्छ ।

(ञ) "सदस्य" भन्नाले नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ । सो शब्दले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउने छ ।

(ट) "वडा सचिव" भन्नाले उपमहानगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ ।

(ठ) "स्लाब" भन्नाले कच्ची वा पक्की बाटोको दायावाया नालिलाई छोप्नका लागि बनाईएको कच्ची वा पक्की स्लाबलाई सम्झनु पर्दछ ।

(ड) "फुटपाथ" भन्नाले उपमहानगरपालिकाले तोकिएको वा बिगत देखी पदयात्री हिड्ने बाटोलाई सम्झनुपर्छः।

(ढ) "बरण्डा" भन्नाले पक्की तथा कच्ची भवनको सटर देखी बाहिरको पिलर राखी वा नराखी बनाईएको भागलाई सम्झनुपर्छः।

(ण) "जफत" भन्नाले उपमहानगरपालिकाले विभिन्न समयमा जानकारी दिई वा नदिई निषेधित क्षेत्रबाट उठाएकोलाई सम्झनुपर्छः

३. **रेखदेख र सञ्चालन** : तुलसीपुर उपमहानगरपालिकाको बजार क्षेत्रको रेखदेख, नियमित अनुगमन निरिक्षण र सञ्चालनको नीति निर्माण गर्ने अधिकार तुलसीपुर उपमहानगरकार्यपालिकालाई हुनेछ ।

४. **इजाजत नलिई संचालन तथा स्थापना गर्न नहुने** : (१) कसैले यस कार्यविधि बमोजिम इजाजत नलिई यस उपमहानगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय तथा अन्य क्रियाकलाप सञ्चालन गर्न पाउने छैन ।

(२) कसैले उपदफा (१) विपरित गरेमा दफा १३ बमोजिम जरीवाना गरिने छ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि आउनु भन्दा अगावै प्रचलित कानून बमोजिम दर्ता भै सञ्चालन भैरहेकोहरुको हकमा नयाँ इजाजत लिइरहनु पर्ने छैन ।

**५. दस्तुर तिर्नु पर्ने :** (१) कार्यक्रम तथा व्यवसाय संचालन गर्न नगरसभाले तोके बमोजिम दस्तुर तिर्नु पर्नेछ ।

**६. तोक्न सक्ने :** तुलसीपुर उपमहानगपालिकाले बजार क्षेत्रको सिमा, क्रियाकलापको समय निर्धारण, व्यवसाय गर्ने र यात्री चढाउने ओराल्ने स्थान, र व्यवसाय प्रकृती ( अनुसुची-३) तोक्न सक्ने छ ।

**७. तोकिएको कार्य :**

(१) उपमहानगरपालिकाले तोकिएको फुटपाथ तथा बरण्डामा कुनै व्यापार व्यवसाय गर्न पाईने छैन ।

(२) उपमहानगरपालिकाले निर्माण गरेको पक्की तथा कच्ची नालाको माथि कुनै किसिमको संरचना निर्माण तथा व्यापार व्यवसाय गर्न पाईने छैन ।

(३) उपमहानगरपालिकाले तोकिएको सिमा क्षेत्र भित्र ठेला गाडा र ढाब्ली राखी व्यापार व्यवसाय गर्न पाईने छैन ।

(४) फलफुल, तरकारी, बिउ आलु, मासु माछा तोकिएको स्थान भन्दा अन्यत्र बिक्रि वितरण गर्न पाईने छैन ।

(५) उपमहानगरपालिकाले तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग र यात्री ओराल्ने चढाउने गर्नु पर्नेछ ।

(६) उपमहानगरपालिकाले तोकिएको समयमा मात्र ठुला सवारी साधनले लोड अनलोड गर्नु पर्नेछ ।

(७) पक्की बाटो संरचना बिग्रिने गरि कुनै खालको निर्माण कार्य वा भण्डारण गर्न पाईने छैन ।

(८) भौतिक संरचना निर्माण सामाग्री ४८ घन्टा भन्दा बढि बरण्डा, बाटो तथा नाला अवरोध पुग्ने गरि राख्न पाईने छैन ।

(९) हर्न निषेधित गरिएको क्षेत्रमा हर्न बजाउन पाईने छैन ।

(१०) तोकिएको क्षेत्रमा निषेध गरिएको व्यवसायको स्थापना र संचालन गर्न पाईने छैन ।

(११) बरण्डा तथा बरण्डा देखी बाहिरको क्षेत्रमा कुनै किसिमको पक्की, कच्ची कुनै किसिमको निर्माण र भर्याङ्ग राख्न वा त्रिपाल जस्ता बस्तु टांग्न पाईने छैन ।

(१२) व्यापार व्यवसाय बरण्डा देखी बाहिरको भागमा गर्न पाईने छैन ।

(१३) विद्युत तथा दुरसंचारका पोलहरुमा प्रचार सामाग्री टाँग्न र टाँस्न पाईने छैन ।

(१४) उपमहानगरपालिकाले ईजाजत नदिएको कुनै व्यापार व्यवसाय, कार्यक्रम, भौतिक संरचना निर्माण तथा संचालन गर्न पाईने छैन ।

**८. संचालनमा रोक लगाउन सकिने:** (१) उपमहानगरपालिकाले कुनै क्रियाकलापमा कुनै पनि प्रकारले अवरोध उत्पन्न भएमा कुनै पनि क्रियाकलाप संचालनमा रोक लगाउन सक्नेछ :

(२) निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम नगरेको पाईएमा रोक लगाउन सकिनेछ ।

**९. इजाजत रद्द गर्न सकिने:** तोकिएको शर्त र समयावधिभित्र तोकिए अनुसार नगर्ने व्यक्ति वा संस्थाको इजाजत स्वतः रद्द गर्न सकिनेछ ।

**१० अनुगमन समिति :** व्यापारिक भवनलाई व्यवस्थि गर्न देहाय बमोजिमको अनुगमन समिति गठन हुनेछः

क) सम्बन्धित वडाको वडा अध्यक्ष — संयोजक

ख) उद्योग बाणिज्य संघको प्रतिनिधि — सदस्य

ग) सम्बन्धित वडाको वडा सचिव — सदस्य सचिव

**११. अनुगमन समितिको काम, कर्तव्य र अधिकार**: बजार व्यवस्थापन अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

क) स्थानीय तहमा संचालित व्यवसायहरु दर्ता भएको नभएको ।

ख) स्थानीय तहमा संचालित व्यापार व्यवसाय तथा निर्माण कार्य तोकिएको शर्त अनुरुप कार्य गरे नगरे अनुगमन गर्ने व्यवस्था मिलाउने ।

ग) तोकिए अनुसार नभएमा सामाग्रीहरु जफत गर्ने ।

घ) तोकिए अनुसार नभएमा नियमानुसार जरिवाना गर्ने ।

ङ) अनुगमनका लागि आवश्यक भएमा विभिन्न स्थानको निरिक्षण तथा सामाग्री जफत गर्न टोली खटाउन सक्नेछ ।

च) आवश्यक देखेको अन्य कार्यहरु गर्ने ।

**१२. अनुगमन समितिको बैठक र कार्यप्रक्रियाः** (१) अनुगमन समितिको बैठक महिनामा बढिमा दुई पटक बस्न सक्नेछ ।

(२) समितिको बैठक भत्ता सभाबाट तोकिए बमोजिम हुनेछ ।

**१३. दण्ड जरिवाना तथा सामाग्री फिर्ता प्रक्रिया** : (क) कार्यालयमा कुनै पनि प्रक्रियाबाट ल्याएको सामाग्रीहरुको जरिवाना अनुसुची - १ मा उल्लेख भए अनुसार हनेछ ।

(ख) जरिवाना तिर्ने भएमा अनुसुची २ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(ग) निवेदनका साथमा तोकिएको जरिवाना तिरेको सक्कल बैंक भौचर समेत पेश गर्नु पर्नेछ ।

(घ) उपदफा (क) बमोजिम जरीवाना गर्नुपूर्व त्यस्तो व्यक्तिलाई आफ्नो भनाइ राख्ने मौका दिनुपर्नेछ ।

**१४. फिल्डमा खटिने कर्मचारीलाई सुविधा** : (१) अनुगमन तथा निरिक्षण मा खटिने कर्मचारीलाई जफत गरेको सामाग्रीबाट उठेको रकमको १५ प्रतिशत रकम सुविधा स्वरुप उपलब्ध गराईनेछ ।

(२) फिल्डमा खटिएका कर्मचारी माथि कसैले दुरव्यवहार तथा हातपात भएमा नगरपालिकाले आवश्यकता अनुसार उचित कानुनी प्रक्रिया पुर्याई गर्नेलाई सजाय गर्नु पर्नेछ ।

**१५. पुनरावेदन**: कार्यपालिकाले दफा १३ बमोजिम गरेको जरीवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिनभित्र न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ ।

**१६. अनूसुचीमा हेरफेर तथा थपघट गर्न सक्नेः**

कार्यविधिको अनूसुचीमा हेरफेर तथा थपघट गर्नु पर्ने भएमा अनुगमन समितिको सिफारिशमा नगर कार्यपालिकाले गर्नेछ ।

**१७. कार्यविधिको व्याख्या तथा संशोधन**

कार्यविधिको संशोधन गर्नु पर्ने भएमा कार्यपालिकाले संशोधन गर्ने छ ।

अनुसुची – १

**जरिवानाको प्रकार**

| **क्र.सं.** | **क्रियाकलाप** | **जरिवानाको दर** | **आदेश दिने अधिकारी** |
|---|---|---|---|
| १ | तरकारी, फलफुल, माछा, मासु, किराना सामाग्री, तरकारी बेरना आदी जफत गरेमा | एकमुष्ट एकै पटक सोहि दिन रु.५०००। सम्म | प्रमुख प्रशासकिय अधिकृत |
| २ | ठेला रिक्सा आदी कार्यालयमा ल्याएमा | पहिलो पटकमा रु.१,५००।<br>दोश्रो पटकमा रु.२,५००।<br>तेश्रो पटकमा जफत | प्रमुख प्रशासकिय अधिकृत |
| ३ | निर्माण सामाग्रीहरु जफत गरेमा | एकमुष्ट एकै पटक सोहि दिन रु. ५,०००। सम्म | प्रमुख प्रशासकिय अधिकृत |
| ४ | बजार व्यवस्थापन अनाधिकृत रुपमा निर्माण गरेमा | रु.५००१। देखी रु. ५०,०००। | नगरप्रमुख |
| ५ | ठेला रिक्सा आदी जफत भएमा | लिलामको व्यवस्था गर्ने | नियमावली अनुसार |

**"बजार व्यवस्थापन कार्यविधि, २०७४"**

अनुसुची – २

**सामाग्री फिर्ता गर्ने निवेदनको ढांचा**

**कारवाहिको आदेश**

**श्रीमान प्रमुख ज्यु,**
**तुलसीपुर उपमहानगरपालिका**
**दाङ्ग**

विषय : सामाग्री फिर्ता पाऊँ ।

यस उपमहानगरपालिकाको अनुगमन टोलीद्वारा मिति २०७.../...../...... दिन बजार अनुगमनका क्रममा मैले संचालन गरेको ........................ .................. ....................... बाट तपसिल अनुसारको सामाग्री कार्यालयमा ल्याएको हुंदा सो सामाग्री फिर्ता गरि दिनु हुन .................... बैंकको भौचर नं. बाट दाखिला भएको रकम रु. ............... सक्कलै बैंक भौचर यसै साथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदकको फोटो

**निवेदक**

नाम :

नागरिकता नं. :

ठेगाना :

पति / पत्नीको नाम :

बाबुको नाम :

बाजे नाम :

सामाग्रीको विवरण :

१) ...........................................

२) ............................................

**"बजार व्यवस्थापन कार्यविधि, २०७४"**

अनुसुची – ३

**दफा ६ अनुसार तोकिएको सिमा, समय र प्रकृति**

| क्र.सं. | तोकिएको विवरण | कैफियत |
|---|---|---|
| १ | **तुलसीपुर बजार क्षेत्र**<br>(क) पुर्व तर्फ हातिखौवा चौक<br>(ख) पश्चिम तर्फ पातुखोला पुल<br>(ग) दक्षिण तर्फ गुम्राह चौक डुम्रीगाउं<br>(घ) उत्तर तर्फ दुर संञ्चार कार्यालय चौक | बजार क्षेत्रको सिमा |
| २ | **दोघरे बजार क्षेत्र (तुलसीपुर सुर्खेत पक्की सडक)**<br>पुर्व तर्फ पातुखोला पुल देखी<br>पश्चिम तर्फ भ्याली पेट्रोल पम्पसम्म | बजार क्षेत्रको सिमा |
| ३ | **बिजौरी बजार क्षेत्र (तुलसीपुर लमहि पक्की सडक)**<br>पुर्व तर्फ पुरानो पेट्रोल पम्प देखी<br>पश्चिम तर्फ क्याम्पस चौक पिपल चौतारा सम्म पक्की सडक<br>पुर्व तर्फ संग्राम खोला पुल देखी<br>पश्चिम तर्फ पुरानो गा.वि.स.भवन सम्म को पक्की सडक | बजार क्षेत्रको सिमा |
| ४ | **ठुला सवारी साधनको लोड अनलोड समय**<br>बिहान ९ बजे देखी ११ बजे सम्म<br>दिउँसो ३ बजे देखी ५ बजे सम्म | लोड अनलोड समय सिमा |
| ५ | **निषेधित गरिएको व्यवसायको प्रकृति**<br>क) ग्रिल व्यवसाय<br>ख) मोटर साईकल,गाडि मर्मत ग्यारेज<br>ग) पशुपंक्षी पालन<br>घ) बायु प्रदुषण तथा ध्वनी प्रदुषण सम्बन्धि उद्योग तथा व्यवसाय<br>ङ) मासुजन्य बस्तुको बध तथा बिक्रि वितरण (तोकिएको क्षेत्र बाहेक) | निषेधित व्यवसायको प्रकृति |
| ६ | **यात्रुहरु ओराल्ने चढाउने स्थान**<br>तुलसीपुर बजार क्षेत्र :<br>पुर्वमा विद्युत अगाडि<br>पश्चिममा बसपार्क<br>दक्षिण मा बाहिनी चौकको दक्षिण तर्फ<br>उत्तर तर्फ खानेपानी कार्यालय अगाडि | सो स्थान भन्दा अन्यत्र यात्रु चढाउने ओराल्न नपाईने |